# मिति २०८३/०१/२५ गतेको कार्यपालिका निर्णयहरु

| क्र. श. | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|
| १ | समिक्षा सम्बन्धमा। | आ.व २०८२/०८३ मा हाल सम्म योजनाहरुको कार्यान्वायनको प्रगति लगायत अन्य समसामयिक विभिन्न विषयमा वडागत समीक्षा गरियो। |
| २ | गणतन्त्र दिवस एवं शहिद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल उद्धघाटन कार्यक्रम सम्बन्धमा। | गणतन्त्र दिवसको पावन अवसरमा वडा नं. ४, हुँडीफाँटमा नवनिर्मित **शहीद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल** को समुद्घाटन गर्ने तथा सोही अवसरमा विशेषज्ञ चिकित्सकहरूबाट स्थानीय नागरिकहरूलाई निःशुल्क बृहत् स्वास्थ्य शिविर सञ्चालन गरी सेवा दिने निर्णय गरियो । साथै गाउँपालिकाको सेवा प्रवाहमा योगदान पुर्‍याउने उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यार्थी तथा अगुवा कृषकहरूलाई सम्मान गर्ने, पालिका स्तरीय माध्यमिक तहको वक्तृत्वकला प्रतियोगिता आयोजना गर्ने तथा सोही समारोहका बीच गाउँपालिकालाई **"पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका"** घोषणा गर्ने निर्णय गरियो। |
| ३ | आधारभूत अस्पताल संचालन तथा व्यवस्थापन सम्बन्धमा। | गाउँपालिकाबाट हालै निर्माण सम्पन्न शहीद प्रेम ढकाल स्मृति आधारभूत अस्पताललाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(झ) बमोजिम गाउँपालिका मार्फत दर्ता, सञ्चालन तथा व्यवस्थापन गर्ने साथै संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को प्रक्रिया अगाडि बढाइ अस्पताल सञ्चालनका लागि आवश्यक जनशक्ति, बजेट र अन्य स्रोत सुनिश्चितताका लागि नेपाल सरकार समक्ष आवश्यक पहल गर्ने निर्णय गरियो। |
| ४ | ठेक्का सम्बन्धमा। | सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र बारपाक सुलिकोट गाउँपालिकाको सार्वजनिक खरिद नियमावली २०७८, को नियम १२७ को उपनियम (१) बमोजिम भेरिएसन आदेश सम्बन्धी खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भई ऐनको दफा ५४ बमोजिम र |

<table>
<tr><td></td><td></td><td>प्राविधिक नापजाँचको प्रतिवेदन अनुसार देहाय बमोजिमका योजनाहरुको तपशिल बमोजिमका भेरिएसन स्वीकृत गर्ने निर्णय गरियो ।<br><u>तपशिलः</u><br>१) Construction Works of Barpak Polytechnical school's road & Culvert<br><br>ठेक्का नं. BSRM/GO/CULVERT/NCB/WORKS/082/083-10<br>फर्मको नामः Stull Construction Pvt. Ltd., Barpak Sulikot-07, Gorkha</td></tr>
<tr><td>५</td><td>बजेट निर्माण प्रक्रिया सम्बन्धमा ।</td><td>बारपाक सुलिकोट गाउँपालिकाको लागि आ.व. २०८३/०८४ को योजना छनौट तथा बजेट तथा कार्यक्रम तयार गर्नको निम्ति तपशिल बमोजिमको तालिका अनुसार कार्यान्वयन गर्ने निर्णय गरियो ।<br><u>तपशिलः</u>
<table>
<tr><th>क्रस</th><th>मिति</th><th>गरिने क्रियाकलापहरु</th></tr>
<tr><td>१</td><td>२०८२/०१/२६ देखि २०८२/०२/१० सम्म</td><td>टोल/वस्ती स्तरीय भेटघाट, छलफल तथा योजनाको प्रस्ताव संकलन कार्यक्रम</td></tr>
<tr><td>२</td><td>२०८१/०२/१४ गते</td><td>गाउँ कार्यपालिकाको बैठक, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको सिफारिस बमोजिम बजेट सिलिङ निर्धारण</td></tr>
<tr><td>३</td><td>२०८२/०२/१५ देखि २०८२/०२/३० सम्म</td><td>बिषयगत समितिहरुको बैठक तथा छलफल</td></tr>
<tr><td>४</td><td>२०८२/०२/३१ सम्म</td><td>सबै वडा समिति बैठक/ आगामी आ.व.</td></tr>
</table></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>२०८२/०८३ का लागि वडास्तरीय योजना छनौट</td></tr>
<tr><td>५</td><td>२०८२/०३/०३ सम्म</td><td>गाउँ सभाको तयारी</td></tr>
<tr><td>६</td><td>२०८२/०३/०४ गते</td><td>कार्यपालिका बैठक</td></tr>
<tr><td>७</td><td>२०८२/०३/०५ गते</td><td>गाउँ सभाको अधिवेशन</td></tr>
</table>
</td></tr>
<tr><td>६</td><td>विपद् खोज उद्धार सम्बन्धी तालिम सञ्चालन सम्बन्धमा ।</td><td>सशस्त्र प्रहरी बल (APF) नेपाल, विपद व्यवस्थापन वेस आरुघाट संगको सहकार्यमा यस गाउँपालिकामा विपद् खोज उद्धार सम्बन्धी २ दिने तालिम मिति २०८३/०३/०८ गते सञ्चालन गर्ने निर्णय गरियो ।</td></tr>
<tr><td>७</td><td>विविध ।</td><td>क) योजना तथा कार्यक्रमका लागि विनियोजित रकम निम्नानुसार रकमान्तर गरि कार्यान्वायन गर्ने / गराउने निर्णय गरियो ।<br><br>ख) बारपाक सुलिकोट गाउँपालिका वडा नं. ५, आहालडाँडा स्थित शिव मन्दिर परिसरमा रहेको सार्वजनिक जग्गामा कार्यान्वायन हुने गरि आर्थिक वर्ष २०८२/०८३ मा गण्डकी प्रदेश सरकार अन्तर्गत एकीकृत सेवा कार्यालय गोरखाबाट सो मन्दिरको संरक्षण तथा घेराबारको लागि बजेट विनियोजन भएको सन्दर्भमा “शिव मन्दिर घेराबार बासु ५ आहालडाँडा” योजना कार्यान्वयनका लागि सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।<br><br>ग) भूकम्पीय जोखिमबारे जनसाधारणलाई सुसूचित गराउन र भूकम्पमा ज्यान गुमाउनेहरूको सम्झनामा २०८३ बैशाख १२ गते “<u>गोरखा भूकम्प २०७२</u>”को केन्द्रविन्दु बारपाकमा सचेतना तथा दीप प्रज्वलन कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।</td></tr>
</table>

| | | |
|---|---|---|
| | | घ) ***विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग कार्यविधि २०८३***" उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।<br><br>ङ) प्रमुख प्रशासकीय अधिकृत द्धारा पेश भएको "***उत्कृष्ट कर्मचारी पुरस्कार छनौट मापदण्ड, २०८३***" उपर छलफल गरि सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।<br>च) शिक्षा शाखाबाट प्रस्तावित "***उत्कृष्ट विद्यालय, प्रध्यानध्यापक, शिक्षक तथा विद्यार्थी सम्मान कार्यविधि २०८३***" उपर छलफल गरि पारित गर्ने निर्णय गरियो ।<br><br>छ) ***उत्कृष्ट कर्मचारी पुरस्कार छनौट मापदण्ड, २०८३ र उत्कृष्ट विद्यालय, प्रध्यानध्यापक, शिक्षक तथा विद्यार्थी सम्मान कार्यविधि, २०८३*** बमोजिम कार्यदल गठन गरी उत्कृष्ट कर्मचारी, शिक्षक, विद्यार्थी छनौट गर्ने निर्णय गरियो । साथै सम्बन्धित वडा कार्यालयहरूबाट सिफारिस भई आएका कृषकहरूको हकमा, वास्तविक प्रतिवेदन तयार गर्नका लागि प्राविधिकसहितको टोलीबाट **स्थलगत अनुगमन (Field Monitoring)** गरि सोको आधारमा उत्कृष्ट कृषक छनौट गर्ने निर्णय गरियो । छनोट हुने कर्मचारी, शिक्षक, विद्यार्थी र कृषकलाई गणतन्त्र दिवसको अवसरमा सम्मान गर्ने निर्णय गरियो ।<br><br>ज) गरिब घरपरिवार पहिचान कार्यक्रमलाई व्यवस्थित र प्रविधिमैत्री रूपमा सञ्चालन गर्न यस कार्यालयका सूचना प्रविधि अधिकृत श्री सन्देश राज पौडेल ज्यूलाई कार्यक्रमको अनुगमन, तथ्याङ्क भेरिफिकेसन र गणकहरुलाई सहजीकरण गर्ने कार्यविवरण सहित |

| | | |
|---|---|---|
| | | **सुपेरिवेक्षक** तोकी आवश्यक सम्पूर्ण कामकारबाही अगाडि बढाउने जिम्मेवारी दिने निर्णय गरियो ।<br><br>झ) ) मिति २०८२ असोज ११ देखि १६ गते सम्म परेको वर्षाका कारण क्षति भएको धान बालीका किसानहरुलाई जनप्रतिनिधि र प्राविधकहरुको स्थलगत अनुगमन प्रतिवेदनको आधारमा प्रति रोपनी रु.५००/-(अक्षरुपी पाँच सय मात्र) का दरले राहत उपलब्ध गराउने निर्णय गरियो ।<br><br>ञ) भू-उपयोग ऐन तथा प्रचलित कानुनी व्यवस्था बमोजिम भू-उपयोग क्षेत्र कार्यान्वयन समितिको गठन गर्न प्रत्येक वडामा वडा-स्तरीय भू-उपयोग क्षेत्र कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो । |